आज मिति २०८३ साल भाद्र ०३ गते बुधबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ६४ औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णय गरियो:

उपस्थिति

| क. सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल. | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री रमेश पाण्डेय | |

CamScanner

**नगर कार्यपालिकाको ६४ औं बैठकका प्रस्ताव सुची**

मिति: २०८३।०५।०३

१. कुश्मिशेरा सर्कुवा विहारथला वडा नं. ८ कार्यालय सडकको स्तरोन्नती आयोजना र न्वार ढिक धुल्लु विहारथला सडकको स्तरोन्नती आयोजना गरी दुईवटा आयोजनाको म्याद थप गर्ने/नगर्ने सम्बन्धमा।

२. जलचर तथा जलीय जैविक विविधता संरक्षणसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत सम्बन्धमा।

३. विविध

क) वडा नं. ९ को स्वास्थ्य चौकी भवन सहितको पूर्वाधार निर्माणका लागि स्रोत सुनिश्चितता सम्बन्धमा।

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

निर्णयहरु

प्रस्ताव नं. १

कुश्मिशेरा सर्कुवा विहारथला वडा नं. ८ कार्यालय सडकको स्तरोन्नती आयोजना र न्वार ढिक धुल्लु विहारथला सडकको स्तरोन्नती आयोजना गरी दुईवटा आयोजनाको म्याद थप गर्ने/नगर्ने सम्बन्धमा।

निर्णय नं. १: प्रस्तुत प्रस्तावमाथि छलफल गर्दा उक्त आयोजनाहरुका विषयमा देहायबमोजिमको स्थिति रहेको कार्यपालिकालाई जानकारी भयो:

क) सर्कुवा विहारथला वडा नं. ८ कार्यालय सडकको स्तरोन्नती आयोजना र न्वार ढिक धुल्लु विहारथला सडकको स्तरोन्नती आयोजनाका लागि मिति २०८३/०३/१० भित्र कार्य सम्पन्न गर्नेगरी यस पालिका र Milansar Construction and Suppliers, Tokha, Kathmandu बीच सम्झौता भएको। तोकिएको कार्यतालिका बमोजिम कार्य प्रगति नदेखिदा समयभित्र कार्य सम्पन्न गर्न पालिकाको तर्फबाट निर्माण व्यवसायीलाई पटक पटक पत्राचार भएको। यसरी ताकेता हुँदासमेत सम्झौता अवधिभित्र निर्माण कम्पनीले सम्झौताअनुसारको कार्य सम्पन्न गर्न नसकेको। सो विषयमा प्राविधिक मुल्यांकन गरी सिफारिस गर्न पालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भै मिति २०८३।०३।१५ मा पेश भएको प्रतिवेदनमा तीन वटा विकल्पको सिफारिस भएको। उक्त कार्य सम्पन्न गर्न थप समय माग गरी निर्माण व्यवसायीबाट मिति २०८३/०४/०७ गते संशोधित कार्यतालिका सहित सार्वजनिक खरिद नियमावली, २०६४ (पन्ध्रौं संशोधन) को नियम १२०क अनुसार निवेदन पेश भएको।

अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएका सिफारिस

१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क), (ख) र (ग) अनुसार पूर्व निर्धारित क्षतिपूर्ति तिराएर सोही निर्माण कम्पनीबाट काम गराउने। सो अवधिभित्र आयोजना सम्पन्न नगरेमा सम्झौता अन्य गर्नुपर्ने।

२) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ र ८ बमोजिम कार्यसम्पादन जमानत जफत गरी बाँकी काम सक्नको लागि आवश्यक थप दायित्व असुल उपर सहित सम्झौता अन्य गर्न सकिने।

३) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ४ र ५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ अनुसारका प्रक्रिया पूरा गरेर सार्वजनिक हितका लागि सुक्स्तिाका आधारमा खरिद सम्झौताको अन्य गर्न सकिने।

उक्त आयोजनाहरु क्रमश: संघीय समपूरक अनुदान, प्रदेश समपूरक अनुदान र पालिकाको संयुक्त बजेटबाट सञ्चालित गत आर्थिक वर्षको सालवसाली आयोजना रहेका।

उपरोक्त सन्दर्भमा, उचित निर्णयका लागि कार्यपालिका बैठकमा पेश गर्नेगरी मिति २०८३/०४/२८ मा नगर प्रमुखबाट निर्णय भएको।

संक्षिप्तमा आयोजनाको स्थिति

| क.सं | आयोजनाको नाम | सम्झौता रकम (रु.) | भौतिक प्रगति (प्रतिशत) | पालिकाबाट काम सम्पन्न गर्न पत्राचार | हाल साइटको स्थिति | आयोजना सम्पन्न गर्ने म्याद |
|---|---|---|---|---|---|---|
| १ | सर्कुवा विहारथला वडा नं. ८ कार्यालय सडकको स्तरोन्नती | १,१९,२०,४४८.१९/- | ३३ | २०८२/१२/२२<br>२०८३/०२/०७<br>२०८३/०२/२० | निर्माण कम्पनीबाट कार्य रोकिएको। | २०८३/०३/१० |
| २ | न्वार ढिक धुल्लु विहारथला सडकको स्तरोन्नती | ७८,१७,८३९.४२/- | २० | २०८२/१२/२२<br>२०८३/०२/०७<br>२०८३/०२/२० | निर्माण कम्पनीबाट कार्य रोकिएको। | २०८३/०३/१० |

८३।०४।०३
रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु

प्रस्ताव नं. १

कृष्णिशोरा सर्कुवा विहारथला वडा नं. ८ कार्यालय सडकको स्तरोन्नती आयोजना र न्वार ढिक धुल्लु विहारथला सडकको स्तरोन्नती आयोजना गरी दुईवटा आयोजनाको म्याद थप गर्ने/नगर्ने सम्बन्धमा।

निर्णय नं. १: प्रस्तुत प्रस्तावमाथि छलफल गर्दा उक्त आयोजनाहरुका विषयमा देहायबमोजिमको स्थिति रहेको कार्यपालिकालाई जानकारी भयो:

क) सर्कुवा विहारथला वडा नं. ८ कार्यालय सडकको स्तरोन्नती आयोजना र न्वार ढिक धुल्लु विहारथला सडकको स्तरोन्नती आयोजनाका लागि मिति २०८३/०३/१० भित्र कार्य सम्पन्न गर्नेगरी यस पालिका र Milansar Construction and Suppliers, Tokha, Kathmandu बीच सम्झौता भएको। तोकिएको कार्यतालिका बमोजिम कार्य प्रगति नदेखिदा समयभित्र कार्य सम्पन्न गर्न पालिकाको तर्फबाट निर्माण व्यवसायीलाई पटक पटक पत्राचार भएको। यसरी ताकेता हुँदासमेत सम्झौता अवधिभित्र निर्माण कम्पनीले सम्झौताअनुसारको कार्य सम्पन्न गर्न नसकेको। सो विषयमा प्राविधिक मुल्यांकन गरी सिफारिस गर्न पालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भै मिति २०८३।०३।१५ मा पेश भएको प्रतिवेदनमा तीन वटा विकल्पको सिफारिस भएको। उक्त कार्य सम्पन्न गर्न थप समय माग गरी निर्माण व्यवसायीबाट मिति २०८३/०४/०७ गते संशोधित कार्यतालिका सहित सार्वजनिक खरिद नियमावली, २०६४ (पन्ध्रौं संशोधन) को नियम १२०क अनुसार निवेदन पेश भएको।

अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएका सिफारिस

१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क), (ख) र (ग) अनुसार पूर्व निर्धारित क्षतिपूर्ति तिराएर सोही निर्माण कम्पनीबाट काम गराउने। सो अवधिभित्र आयोजना सम्पन्न नगरेमा सम्झौता अन्य गर्नुपर्ने।

२) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ र ८ बमोजिम कार्यसम्पादन जमानत जफत गरी बाँकी काम सक्नको लागि आवश्यक थप दायित्व असुल उपर सहित सम्झौता अन्य गर्न सकिने।

३) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ४ र ५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ अनुसारका प्रक्रिया पूरा गरेर सार्वजनिक हितका लागि सुक्स्तिाका आधारमा खरिद सम्झौताको अन्य गर्न सकिने।

उक्त आयोजनाहरु क्रमशः संघीय समपूरक अनुदान, प्रदेश समपूरक अनुदान र पालिकाको संयुक्त बजेटबाट सञ्चालित गत आर्थिक वर्षको सालबसाली आयोजना रहेका।

उपरोक्त सन्दर्भमा, उचित निर्णयका लागि कार्यपालिका बैठकमा पेश गर्नेगरी मिति २०८३/०४/२८ मा नगर प्रमुखबाट निर्णय भएको।

संक्षिप्तमा आयोजनाको स्थिति

| क.सं | आयोजनाको नाम | सम्झौता रकम (रु.) | भौतिक प्रगति (प्रतिशत) | पालिकाबाट काम सम्पन्न गर्न पत्राचार | हाल साइटको स्थिति | आयोजना सम्पन्न गर्ने म्याद |
|---|---|---|---|---|---|---|
| १ | सर्कुवा विहारथला वडा नं. ८ कार्यालय सडकको स्तरोन्नती | १,१९,२०,४४८.१९/- | ३३ | २०८२/१२/२२<br>२०८३/०२/०७<br>२०८३/०२/२० | निर्माण कम्पनीबाट कार्य रोकिएको। | २०८३/०३/१० |
| २ | न्वार ढिक धुल्लु विहारथला सडकको स्तरोन्नती | ७८,१७,८३९.४२/- | २० | २०८२/१२/२२<br>२०८३/०२/०७<br>२०८३/०२/२० | निर्माण कम्पनीबाट कार्य रोकिएको। | २०८३/०३/१० |

८३/०४/०३
रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय हुनुपर्ने बेहोरा

प्रस्तुत सन्दर्भलाई विश्लेषण गर्दा उपरोक्त आयोजनाहरु संघ र प्रदेशबाट प्राप्त स्रोत समेतबाट सञ्चालन भएको सालबसाली आयोजना रहेको, तोकिएको कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्न पालिकाको तर्फबाट निर्माण व्यवसायीलाई पटक पटक पत्राचार हुँदासमेत सम्झौता अवधिभित्र निर्माण व्यवसायीले कार्य सम्पन्न नगरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम उक्त ठेक्काहरुको अन्त्य किन नगर्ने ? भन्ने विषयमा जवाफ/स्पष्टिकरण पेश गर्न निर्माण व्यवसायीको नाममा राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं २**

**"जलचर तथा जलीय जैविक विविधता संरक्षणसम्बन्धी कार्यविधि, २०८३" स्वीकृत सम्बन्धमा।**

निर्णय नं. २: प्रस्तुत प्रस्तावमाथि छलफल गर्दा जैमिनी नगरपालिकाको सङ्लग्नबमोजिमको नयाँ "जलचर तथा जलीय जैविक विविधता संरक्षणसम्बन्धी कार्यविधि, २०८३" स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३**

विविध

**क) वडा नं. ९ को स्वास्थ्य चौकी भवन सहितको पूर्वाधार निर्माणका लागि स्रोत सुनिश्चितता सम्बन्धमा।**

निर्णय नं. ३: वडा नं. ९ को स्वास्थ्य चौकी भवन सहितको पूर्वाधार निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट यस आर्थिक वर्षका लागि रु. ४०,०००,००/- (चालिस लाख मात्र) र यस पालिकाबाट रु. ५०,०००,००/- (पचास लाख मात्र) गरी जम्मा रु. ९०,०००,००/- (नब्बे लाख मात्र) विनियोजन भएको। स्वास्थ्य चौकी भवनमा चाहिने आवश्यक पूर्वाधार समेटेर पूर्वाधार शाखाबाट तयार भएको भवन निर्माणको लागत अनुमान हाराहारी १ करोड १० लाख रहेको। यसरी हेर्दा, प्रस्तुत आयोजनाका लागि रु. २० लाख नपुग हुने देखिएको।

प्रस्तुत सन्दर्भमा, उक्त नपुग हुने रकमको विनियोजन आगामी नगरसभाबाट गर्नेगरी हाललाई १ करोड १० लाख भित्र ठेक्का आहान गर्न चालु आर्थिक वर्षका लागि स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२